बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

समयः दिउँसो १:३० बजे

आज मिति २०७९।०२।२९ गतेका दिन यस बेलौरी नगरकार्यपालिकाका नगर प्रमुख श्री पोतिलाल चौधरी ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा स्थानीय तह निर्वाचन २०७९ मा निर्वाचित नगरकार्यपालिकाको प्रथम बैठक बसी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री पोतिलाल चौधरी | नगर प्रमुख |
| | श्री जोगराम चौधरी | नगर उप-प्रमुख |
| | श्री धन बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. १ |
| | श्री कलबिर चौधरी | वडा अध्यक्ष वडा नं. २ |
| | श्री सिता राम रिजाल | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री अर्जुन ढकाल | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री लाल बहादुर चौधरी | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भोज राज चौधरी | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री विष राम राना | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री किसन सिंह राना | वडा अध्यक्ष वडा नं. ९ |
| | श्री सोमलाल चौधरी | वडा अध्यक्ष वडा नं. १० |
| | श्री राम दुलारी गिरी | महिला सदस्य (नगर कार्यपालिका) |
| | श्री आरती कुमारी चौधरी | महिला सदस्य (नगर कार्यपालिका) |
| | श्री विन्द्रावति राना | महिला सदस्य (नगर कार्यपालिका) |
| | श्री शारदा पार्की | महिला सदस्य (नगर कार्यपालिका) |
| | श्री बसन्ती नेपाली | महिला सदस्य (नगर कार्यपालिका) |
| | श्री कृष्ण भान वरई | अल्पसङ्ख्यक सदस्य (नगर कार्यपालिका) |
| | श्री नेहा सुनार | दलित सदस्य (नगर कार्यपालिका) |
| | श्री हर्क बहादुर भुल | दलित सदस्य (नगर कार्यपालिका) |
| | श्री सुशिला लेखक (सचिव) | प्रमुख प्रशासकीय अधिकृत |

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

**निर्णयहरु:**

**निर्णय नं. १:-** स्थानीय तह निर्वाचन २०७९ मा बेलौरी नगरपालिकामा शान्त र सौहार्द्रपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न पुऱ्याउनु भएको सहयोगका लागि सम्पूर्ण मतदाताहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. २:-** बेलौरी नगरपालिका अन्तर्गत बसोबास गर्ने सुत्केरीहरुलाई आ.व. २०७९।८० साउन १ गते देखि लागू हुने गरी थप रु. ९०० पोषण भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ३:-** बेलौरी छोटी भन्सार नाका सञ्चालनका लागि पटक पटक सम्बन्धित निकायमा पत्राचार गरिए तापनि हाल सम्म कुनै प्रक्रिया अगाडि नबढेकोले यथाशीघ्र उक्त नाका सञ्चालनका लागि आवश्यक पहल गरिदिनहुन जिल्ला प्रशासन कार्यालय कञ्चनपुर मार्फत गृह तथा परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-** बेलौरी नगरपालिकाको सीमाक्षेत्रमा भारतीय एस.एस.बी द्वारा भै रहेको नेपाली भूमि अतिक्रमण कार्य रोक्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिनहुन जिल्ला प्रशासन कार्यालय कञ्चनपुर मार्फत गृह तथा परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:-** बेलौरी नगरपालिका अन्तर्गत बसोबास गर्ने अशक्त जेष्ठ नागरिक तथा अपाङ्ग व्यक्तिहरुलाई घरमै गएर स्वास्थ्य परिक्षण तथा परामर्शका लागि नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मिहरुलाई खटाउने निर्णय गरियो ।

**निर्णय नं. ६:-** निर्णय नं. ५ को सम्वन्धमा (प्रतिदिन ६ घण्टा अनिवार्य) अतिरिक्त समय कार्य गरे वाफत स्वास्थ्यकर्मिलाई प्रति दिन रु. ७०० भत्ता र रु. २०० यातायात खर्च दिने निर्णय गरियो ।

**निर्णय नं. ७:-** आ.व. २०७९।८० को योजना तथा कार्यक्रम तर्जुमा सम्वन्धमा मिति २०७९।०२।३० गते सम्पूर्ण वडामा वडा भेला सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:-** बेलौरी नगरपालिका अन्तर्गत उत्पादित फोहोर व्यवस्थापन सम्वन्धमा सरोकारवालाहरु सँग मिति २०७९।०२।३१ गते छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:-** नाप नक्सांकन कार्य सम्पन्न भैसकेका बेलौरी नगरपालिका वडा नं. ४ अन्तर्गत रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीको यथाशीघ्र लालपुर्जा तयार गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-** गेटा आँखा अस्पताल उपचार केन्द्र बेलौरीलाई तत्काल सर्जिकल सेवा तथा स्वास्थ्य बिमा सुचारु गरिदिनहुन पत्राचार गर्ने निर्णय गरियो ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

**निर्णय नं. ११**:- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम बेलौरी नगरपालिकाको राजश्व परामर्श समितिमा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

१) नेहा सुनार

२) कृष्ण भान बरई

**निर्णय नं. १२**:- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम बेलौरी नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिमा कार्यपालिका सदस्यहरु मध्ये बिन्द्रावति राना र हर्क बहादुर भुल लाई सदस्य तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३**:- स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित निवर्तमान नगरसभा सदस्य श्री हिरालाल चौधरीको मिति २०७९।०१।२८ गते असामायिक निधन भएकोले निज लाई श्रद्धान्जली अर्पण गर्दै निजको परिवार प्रति समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

2079/02/29
सुशिला लेखक
प्रमुख प्रशासकीय अधिकृत